घरपफोक्सुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

घरपफोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ३४औं बैठकको निर्णयहरु

मिति २०८१।५।१९

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८१।४।२२ गते बसेको गाउँ कार्यपालिकाको ३३औं बैठकमा १६ वटा निर्णयहरु भएकोमा निर्णय नं. ३ अनुसार ईन्जिनियर सिभिल (सातौं तह), सव-ईन्जिनियर (पाँचौं तह) र रोजगार सहायकको छनौटको प्रक्रिया सकिएको र अन्यका हकमा छनौट प्रक्रियामा रहेको बारे जानकारी भयो । अध्यक्ष कप खेलकुद कार्यक्रम मिति २०८१।५।२२ र २३ गते ठिनीमा सञ्चालन हुने । सूचना केन्द्रको व्यवस्थापन सम्बन्धी तथा जिप/ट्याक्सी स्ट्याण्डको ईसिटमेट पुरा हुन बाँकि रहेको । भुक्तानी दिनु पर्ने सम्बन्धमा भुक्तानी दिने कार्य कुनै पनि नभएको र अन्य विषयहरुको बारेमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २ :-**

प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत योजनाहरुको कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. २ :-**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्रत्येक वडाबाट ११ जना सूचीकृत बेरोजगारहरुले हाललाई कम्तिमा ५० दिनको रोजगारी हुने गरी योजना छनौट गरी पठाउने सर्वसम्मत निर्णय गरियो । साथै थप ५० दिनको रोजगारीको लागि पछिल्ला बैठकहरुमा छलफल गरी आवश्यकता अनुसार परिचालन गर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

अधुरा योजनाहरुको सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस घरपफोङ गाउँपालिका क्षेत्र भित्र विभिन्न संघीयस्तरको योजना तथा कार्यक्रमहरु, प्रदेशस्तरको योजना तथा कार्यक्रमहरु, जिल्ला स्थित कार्यालयहरुको योजना तथा कार्यक्रमहरु साथै गाउँपालिकाबाट कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा गई सम्पन्न नभई अधुरो अवस्थामा रहेका योजनाहरु सम्बन्धमा छलफल गरियो । आगामी दिनहरुमा त्यस्ता अधुरा योजना सम्पन्न गर्न प्राथमिकतामा राखी आवश्यक पहल गर्ने समेत निर्णय गरियो ।

निर्णय प्रमाणित ।
०८१।०५।१९

**प्रस्ताव नं. ४ :-**

बार्षिक समिक्षा गोष्ठी सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

यस घरपभ्फोङ गाउँपालिकाबाट गत आ.ब. २०८०।०८१ मा सञ्चालन भएका बार्षिक तथा बहुबर्षिय योजना तथा कार्यक्रमहरुको बार्षिक समिक्षा गोष्ठी तपसिल बमोजिम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

मिति :- २०८१।५।२८ गते

समय :- बिहान ११:०० बजे

स्थान :- घरपभ्फोङ गाउँकार्यपालिकाको कार्यालय, जोमसोम ।

**प्रस्ताव नं. ५ :-**

बेलीबृज सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस घरपभ्फोङ गाउँपालिकाको मुख्य राजमार्गबाट १ नं. वडा छैरो जोड्ने संघीय विशेष कार्यक्रम अन्तरगत निर्माणाधिन बेलीबृजको सम्बन्धमा छलफल हुँदा, उक्त बेलीबृज निर्माणको लागि गत आर्थिक बर्षमा संघीय सरकारबाट रु.८०,००,०००।- प्राप्त भएको र उक्त रकमबाट दुई तर्फको एब्यूटमेन्ट (Abutment) निर्माणको कार्य भएको । एक तर्फको एब्यूटमेन्ट (Abutment) निर्माणको कार्य सम्पन्न भएको छ भने अर्को तर्फको एब्यूटमेन्ट (Abutment) निर्माणको कार्य सम्पन्न हुन केही काम बाँकि रहेको छ । साथै एब्यूटमेन्ट संरक्षणको लागि नदी नियन्त्रणको काम समेत भएको थियो । चालु आ.ब. २०८१।८२ मा उक्त बेलीबृज निर्माण योजनाका लागि संघीय विशेष योजना अन्तर्गत रु.१ करोड ४० लाख रकम विनियोजन भएका छ । उक्त रकमबाट काम बाँकि रहेको एब्यूटमेन्ट निर्माण को अधुरो काम सम्पन्न भई रकम बचत हुने र बेली बृजको फलामको स्ट्रक्चरको लागि रकम नपुग हुने देखिएको हुँदा हाललाई उक्त बेली बृज सम्पन्न गर्ने गरी आगामी गाउँसभाबाट आवश्यकता अनुसारको बजेट श्रोत सुनिश्चित हुने गरी ख़रिद प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

बसपार्क सञ्चालन सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

यस गाउँपालिका जोमसोम र पुथाङ एक्लेभट्टीमा रहेको बसपार्क व्यवस्थापन गर्ने सम्बन्धमा सरोकारवालाहरु सँग पटक पटक बैठक बसी यातायात व्यवसायीको मुख्य टिकट काउण्टर बसपार्क भित्र राख्ने र यातायात व्यवसायीको पायक पर्ने बजारको कुनै स्थानमा एक वटा मात्र सिटी टिकट

निर्णय प्रमाणित
०८१।०६।१५

(city ticket) बिक्रि काउण्टर राख्ने भन्ने निर्णय तथा सहमति भएको तर यातायात व्यवसायीहरुले हाल सम्म कार्यान्वयन नगरेको पाईएकोले साथै सार्वजनिक यातायातका बस/जीपहरु जथाभावी सार्वजनिक स्थानहरुमा पार्किङ गर्ने पाईएको हुँदा यही मिति २०८१।५।२६ गते भित्र मुख्य टिकट काउण्टर बसपार्क भित्र व्यवस्थापन गर्ने, सार्वजनिक यातायात सवारी साधनहरु बसपार्क भित्रबाट चलानी काट्ने र छुटाउने व्यवस्था मिलाउने साथै बजार क्षेत्रमा एक वटा मात्र टिकट बिक्रि काउण्टर राख्ने र टिकट बिक्रि कउण्टरको बोर्डको साईज २x३ ईन्च भन्दा बढी नहुने गरी व्यवस्थापन गर्ने र तोकिएको समय भित्र उल्लेख भए बमोजिम व्यवस्थापन हुन नसकेको अवस्थामा कानून बमोजिम कार्यवाही हुने साथै बोर्डहरु समेत हटाउने र बजार क्षेत्रमा राखिएका टिकट काउण्टर हटाई नियम कार्यान्वयन नगर्ने दैनिक रुटका बसहरुलाई सञ्चालनमा रोक लगाउने समेतको कार्यवाही गर्ने प्रक्रिया अघी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

पुथाङको कृषि उपज संकलन केन्द्र सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

यस गाउँपालिकाको जिम्मामा रहेको पुथाङको कृषि उपज संकलन केन्द्र भवनको तल्लो तलाको ५ वटा सटर र माथिल्लो तलाको ४ कोठा तपसिल बमोजिमका व्यक्तिहरुलाई तोकिए अनुसारको कोठा भाडा तिर्ने गरी २ बर्षको लागि भाडामा दिएकोमा निजहरु सँगको सम्झौता यही २०८१।६।१४ मा समाप्त हुने हुनाले हाल सम्झौता बमोजिम तिर्ने गरेको भाडामा नियमानुसार १०% भाडा बढाई भाडा तिर्न मञ्जुर भई सम्झौताको अवधि नवीकरण गरिदिनु भनी २०८१।५।११ मा निवेदन दिएकोले हाल बसीरहेको कोठाको तिरिरहेको भाडामा कार्यविधिको बुँदा नं.५(ख) बमोजिम नियमानुसार १०% थप गरी भाडा दर कायम गर्ने र आगामी दुई बर्षको (२०८३।६।१३ सम्म) लागि निजहरु सँगको सम्झौता नवीकरण गरिदिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | भाडामा बस्ने व्यक्तिको नाम, थर | स्थायी ठेगाना | कोठाको विवरण | कायम भएको मासिक भाडा दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री बलदेवी फगामी | साविक देविस्थान-७, म्याग्दी | भुई तला १ सटर | ५५००।- | |
| २ | श्री रनमाया विश्वकर्मा | थासाङ-२ कोबाङ | भुई तला १ सटर | ५५००।- | |
| ३ | श्री भिममाया वि.क. | साविक लुलाङ-९, म्याग्दी | भुई तला १ सटर | ५५००।- | |
| ४ | श्री लिला लामिछाने | इटहरी उपनपा-४ | भुई तला १ सटर र माथिको १ कोटा | ७१५० | |
| ५ | श्री सन्तु बरुवाल | अन्नपूर्ण-३, म्याग्दी | भुई तला १ सटर | ५५००।- | |
| ६ | श्री श्रीमया पुन | मालिका-७, म्याग्दी | भुई तला १ सटर | ५५००।- | |
| ७ | श्री रामलाल विश्वकर्मा | थासाङ-२, कोबाङ. | माथिल्लो तला ३ कोठा | ८२५०।- | |

निर्णय प्रमाणित
०८१।०५।१५

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ८ :-**

चाइना बोर्डर पास सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

कोरला नाकाको चाइना बोर्डर पासको सिफारिस गर्ने सम्बन्धमा छलफल हुँदा हाललाई वडा कार्यालयहरुबाट गरिएको सिफारिसको क्रमलाई आधार मानी २० जना सम्मलाई चाइना बोर्डर पासको लागि जिल्ला प्रशासन कार्यालय, मुस्ताङमा सिफारिस गर्ने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

प्लास्टिक न्यूनिकरण झोला वितरण सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

प्लास्टिकको झोला प्रयोगलाई न्यूनीकरण गर्दै जाने विगतका निर्णयहरुलाई कार्यान्वयन गर्ने क्रममा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय, जोमसोमको आर्थिक साझेदारीमा खरिद भएको ५६०० थान पटक/पटक प्रयोग गर्न मिल्ने कपडाको झोला वितरण गर्ने सम्बन्धमा छलफल हुँदा स्थानीय उत्पादन बेच्ने कोशेली घरहरु, फलफुल तथा तरकारी पसलहरु लगायत खाद्य सामाग्री बेच्ने पसलहरुलाई उक्त झोलाहरु रु.१५।- प्रति गोटाको दरले उपलब्ध गराउने र पसलहरुले बढीमा रु.२०।- ग्राहकबाट लिने गरी वितरणको व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो । गाउँपालिका भित्रका कोशेली घरहरु, फलफुल तथा तरकारी पसलहरुलाई आवश्यकता अनुसार झोला खरिद गर्न सार्वजनिक सूचना आह्वान गर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

ईन्जिनियर (सातौं तह) नियुक्ति सम्बन्धमा ।

**निर्णय नं. १० :-**

यस गाउँ कार्यपालिकाको मिति २०८१।४।२२ गते बसेको बैठकको निर्णय नं.३ अनुसार प्रकाशित करार पदपुर्ति सम्बन्धी सूचना बमोजिम छनौट प्रक्रियाबाट सिफारिस हुनुहुने ईन्जिनियर (सातौं तह) श्री चक्र बहादुर बमलाई करार नियुक्ति दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

व्यवसाय दर्ताको प्रगति समिक्षा सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

यस गाउँपालिकामा विभिन्न किसिमका व्यवसायीहरुको अभिलेख दुरुस्त राख्नका लागि व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ बमोजिम हाल सम्म १९८ व्यवसायीहरुको दर्ता प्रक्रिया सम्पन्न भएको व्यहोरा जानकारी भयो । साथै ३ र ४ नं. वडाहरुको मुख्य जोमसोम एयरपोर्ट क्षेत्र, पुथाङमा र

निर्णय प्रमाणित।
०८१/०८/१५

जोमसोम बजारमा केही व्यवसायीहरु दर्ता प्रक्रियामा आबद्ध हुन नआएको पाईएकोले सम्बन्धित वडा कार्यालयहरुबाट पहल गर्ने साथै अन्य वडाहरुमा छुट हुन गएका व्यवसायीहरुको दर्ता प्रक्रियालाई समेत सशक्त रुपमा अघी बढाउनका लागि सबै वडा कार्यालयहरुले पहल गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**

आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

मुस्ताङ जिल्लाको तल्लो भेगमा खेलकुद, कला साँस्कृतिक विकास क्षेत्रमा काम गर्दै आएको मुस्ताङ थाक खेलकुद तथा साँस्कृतिक विकास संघले बर्षेनी रुपमा आयोजना गर्ने गरेको खेलकुद कार्यक्रम तथा विविध साँस्कृतिक कार्यक्रमको ५२ औं संस्करणको कार्यक्रमहरु यही मिति २०८१।५,६ र ७ गते घरपझोङ गाउँपालिका-२, मार्फामा सञ्चालन हुन गईरहेकोले उक्त कार्यक्रम सञ्चालन गर्नका लागि आर्थिक सहायता स्वरुप अन्य संघ संस्था सहायता शिर्षकबाट खर्च लेख्ने गरी बिल भरपाईको आधारमा रु.१,५०,०००।- आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

विभिन्न पत्र तथा परिपत्रहरु सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराको च.नं.२४५, मिति२०८१।५।१२, च.नं.१६२ मिति २०८१।४।२९, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१४ मिति २०८१।४।२३ गते, स्थानीय जनताको मिति २०८१।५।५ को बार्षिक कर सम्बन्धी पत्र, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको च.नं.२३, मिति २०८१।५।१२, नापी कार्यालयको च.नं.४० मिति २०८१।५।१६ र मुस्ताङ अस्पतालको च.नं.९७ मिति २०८१।५।१७ गते पत्रहरुको व्यहोरा बैठकमा पेश भई जानकारी भयो र पत्रमा उल्लेख भएका कार्यान्वयनका लागि प्रेसित भएका पत्रको व्यहोराहरुलाई क्रमशः कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।
०८१।०५।१५

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल